आ.व २०८२/८३

समय- ११ बजे

बैठक संख्या:०४

स्थान: गाउँकार्यपालिकाको कार्याललय

आज मिति २०८२ असोज ०७ गते मंगलबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक वसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | १ नं वडाध्यक्ष | |
| ४ | श्री वालकृष्ण शेर्मा | २ नं वडाध्यक्ष | |
| ५ | श्री बाबुराम कार्की | ३ नं वडाध्यक्ष | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | ४ नं वडाध्यक्ष | |
| ७ | श्री निर्मल राज घिमिरे | ५ नं वडाध्यक्ष | |
| ८ | श्री गंगा देवि बोहोरा | का.पा सदस्य | |
| ९ | श्री वेद माया चापागाइ | का.पा सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | का.पा सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | का.पा सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | का.पा सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | का.पा सदस्य | |
| १४ | श्री सागर बस्नेत | नि. प्र. प्र. अ | |
| अन्य उपस्थिति | | | |
| १५ | श्री प्रदिप सिं तामाङ | शिक्षा अधिकृत | |
| १६ | श्री रजत बुढाथोकी | सूचना प्रविधि अधिकृत | |
| १७ | अर्पण पोंगाङ लिम्बु | | |
| | | | |

निर्णयहरू:

१)नेपाल शिक्षक महासंघ कुम्मायकको ध्यानाकर्षण पत्र समबन्धमा,

२)कुम्मायक आँखा उपचार केन्द्र समबन्धमा,

३)कुस्सायक मन्दिर परिसर (रिङरोड) संरक्षण गर्न अधुरो रहेको काम सम्पन्न गर्ने सम्बन्धमा,

४)प्रहरी चौकीमा मौलो पुजा मनाउने सम्बन्धमा,

५)व्याकहो लोडर (JCB) भाडामा लिने सम्बन्धमा,

६)वडा नं ३ मा ग्याबिङ वाल सम्बन्धमा,

७) ठेक्का सम्बन्धमा,

८) १५ शैया अस्पतालको item भेरिएसन प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं १- नेपाल शिक्षक महासंघ कुम्मायकको ध्यानाकर्षण पत्र सम्बन्धमा ।

निर्णय नं १- गाउँपालिकाले गरेको विद्यालय समायोजन पश्चात विद्यालय सहयोगीको करार अवधि समाप्त भएकोले सेवा अवधि योगदानको मुल्याङ्कन गर्ने र मापदण्ड तयार गरी उचित रकम प्रदान गर्ने कार्यविधि तर्जुमा गरी पालिकाको विधेक समिति मार्फत पेश गर्ने निर्णय गरयो ।

प्रस्ताव नं २- कुम्मायक आँखा उपचार केन्द्र सम्बन्धमा,

निर्णय नं २- कुम्मायक गाउँपालिका र नेपाल नेत्र ज्योति संघ ताप्लेजुङ शाखा बिच मिति २०७८ असार २६ गते पहिलो सम्झौता तथा मिति २०७९ श्रावण ५ गते भएको दोस्रो सम्झौता तथा नेपाल नेत्र ज्योति संघ ताप्लेजुङ र कुम्मायक गाउँपालिका बीच भएको पटक-पटकका छलफल समेतका आधारमा कुम्मायक गाउँपालिकामा रहेको आँखा उपचार केन्द्र लाई नेपाल नेत्र ज्योति संघ ताप्लेजुङ शाखाको सहकार्य र प्राविधिक परामर्श समेत कायम रहने गरी कुम्मायक गाउँपालिको कुम्मायक आधारभूत अस्पताल मार्फत एकीकृत स्वास्थ्य सेवामा अहिले कार्यरत रहेका नेत्र सहायक (पाँचौं) श्री शान्ति तामाङ र कार्यालय सहयोगी टेकेन्द्र चेम्जोङ सहित हस्तान्तरण गर्न नेपाल नेत्र ज्योति संघ ताप्लेजुङले सहमति प्रदान गरी उपचार केन्द्रमा रहेको जिन्सी तथा अन्य कागजात नियमानुसार हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३- कुस्सायक मन्दिर परिसर (रिङरोड) संरक्षण गर्न अधुरो रहेको काम सम्पन्न गर्ने सम्बन्धमा ।

निर्णय नं ३- कुम्मायक गाउँपालिकाको यासोक बजार स्थित कुस्सायक मन्दिर स्थान संरक्षण र सम्वर्द्धन गर्न गत आ.व. मा विनियोजित बजेटले निर्माण कार्य अधुरो रहेको हुनाले सो आधुरो रहेको काम सम्पन्न गर्नको लागि रू.९ लाख बजेट आन्तरिक स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४-** प्रहरी चौकीमा मौलो पुजा मनाउने सम्बन्धमा।

**निर्णय नं ४-** वडा दशैको पावन अवसरमा मौलो पुजा प्रयोजनको लागि ईलाका प्रहरी कार्यालय यासोक तथा अस्थायी प्रहरी चौकी भुल्केलाई संयुक्त रुपमा रू.२५ हजार र प्रहरी चौकी माङजाबुङ लाई रू.१० हजार रकम प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ५-** ब्याकहो लोडर (JCB) भाडामा लिने सम्बन्धमा,

**निर्णय नं ५-** कुम्मायक गाउँपालिकाको आर्थिक ऐन बमोजिम ब्याकहो लोडर (JCB) भाडामा लिई बाटो सरसफाई तथा मर्मत प्रयोजनका लागि प्रयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६-** वडा नं ३ मा ग्याबिङ वाल सम्बन्धमा,

**निर्णय नं ६-** कुम्मायक वडा नं ३ को वडा कार्यालयको भवनको वाल भत्किएको हुनाले ग्याबिङ वाल निर्माणका लागि आन्तरिक स्रोत बाट रू. ५ लाख विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ७-** ठेक्का सम्बन्धमा,

**निर्णय नं ७-** आ.व.२०८२/८३ को प्रदेश समपूरक आयोजना अन्तर्गत सावाखोला धुवाखोला नदि नियन्त्रण कार्यक्रमको यस अघि ठेक्का आहवान गरिएकोमा सो ठेक्काको कागजातमा सूचना प्रकाशन गर्दा राखिएको विड सेक्युरेटी रकम र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टलमा अपलोड गरिएको Bid Document मा त्रुटिवस फरक पैरेको साथै साइटमा पनि सामान्य हेरफेर गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन को दफा २६ बमोजिम खरिद प्रकृया स्थगित गरी पून वोलपत्र आवहान गर्ने गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८-** शैया अस्पतालको item भेरिएसन प्रतिवेदन सम्बन्धमा

निर्णय नं ८- मिति २०८२/०५/१९ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार १५ शैया अस्पतालको item भेरिएसन प्रतिवेदन तयार गर्न गठित समितिले मिति २०८२/०६/०६ गते पेश गरेको १५ शैया अस्पतालको item भेरिएसन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।